# कालिका नगरपालिका कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७७

प्रस्तावना: कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा यस नगरपालिकाभित्र संलग्न जनशक्तिलाई नेपाल सरकारबाट स्वीकृत कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ट को उपदफा (२) बमोजिम स्थानीय तहले संक्रमणको उपचार र नियन्त्रणमा खटाएको जनशक्तिलाई सम्बन्धित स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्ने कानूनी प्रावधान बमोजिम कालिका नगरपालिका कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, कालिका नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कालिका नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "कालिका नगर पालिका कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) "उपचार" भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ख) "कोभिड-१९" भन्नाले SARS–COV–2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ग) "प्रयोगशाला" भन्नाले नगरपालिका भित्र वा बाहिर कोभिड -१९ को परीक्षण गर्न योग्य प्रयोगशाला सम्झनु पर्छ । यस शब्दले RAPID DIAGNOSIS TEST को लागि स्वाव संकलन र परीक्षणको लागि तोकिएको स्थान वा किट समेतलाई जनाउनेछ ।

(घ) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमणको उपचार मा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्तिलाई यस कार्यपालिका बमोजिम प्रदान गरिने भत्ता सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले कालिका नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) "जनशक्ति" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्येक्ष वा अप्रत्यक्ष रुपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्छः-

१. चिकित्सक,

२. नर्स

३. पारामेडिक्स

४. प्रयोगशाला कर्मी

५. इमेजिङ सेवा प्रदायक

६. सवारी चालक तथा सहायक

७. सरसफाई र स्वास्थ्यका सामग्री ढुवानीमा संलग्न कर्मचारी

८. नियन्त्रण र रोकथाम तथा क्वारेन्टाइन र हेल्थ डेस्क व्यवस्थापनमा खटिने प्रशासनिक कर्मचारीहरु

९. कार्यालय प्रमुखले कोभिड-१९ को उपचार वा रोकथाममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेको कर्मचारी ।

३. **जोखिम भत्ता प्राप्त गर्न सक्नेः** कोभिड-१९ को उपचार वा रोकथाममा प्रत्येक्ष वा अप्रत्येक्ष रुपमा संलग्न देहायका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछनः-

**(क) हेल्थ डेस्कमा कार्यरत देहायका जनशक्तिहरुः**

(१) नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था तथा अन्य स्थलमा

८. **कार्यपालिकाले आवश्यक व्यवस्था गर्ने**: यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्नेछ ।

**आज्ञाले**

**यज्ञ पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**





खोलिएका हेल्थ डेस्कमा खटिएका चिकित्सक, नर्सिङ सेवाका कर्मचारी, पारामेडिक्स तथा इमेजिङ प्राविधिकहरु,

(२) नगरपालिकाबाट स्थापना गरिएका ज्वरो क्लिनिक (Fever Clinic) हरुमा खटिएका स्वास्थ्य सेवाका कर्मचारीहरु

(३) हेल्थ डेस्क वा ज्वरो क्लिनिकमा सरसफाई र सामान ढुवानीमा संलग्न जनशक्तिहरु

(४) नगरपालिकाद्वारा स्थापना र सञ्चालन गरिएका क्वारेन्टाईन तथा हेल्थ डेस्कको व्यवस्थापन तथा अनुगमनमा खटिएका प्रशासनिक कर्मचारीहरु

(५) कोभिड-१९ को उपचार वा रोकथाममा प्रचार प्रसार तथा सो व्यवस्थापन सँग सम्बन्धित सामग्रीहरुको ओसारपसारमा संलग्न कर्मचारीहरु, सवारी चालकहरु

(६) लगडाउनको समयमा लकडाउनको अनुगमन, सम्भावित संक्रमितहरुको ट्रेसिङ तथा अन्य सूचना संकलन र सम्प्रेषण, स्थानीय समन्वय तथा जनशक्ति परिचालनमा खटिएका कर्मचारीहरु

**(ख) क्वारेन्टाईन संलग्न देहायका जनशक्तिहरु**

(१) नगरपालिका अन्तर्गत रहेका क्वारेन्टाईनमा खटिएका चिकित्सक, नर्सिङ सेवाका कर्मचारी, पारामेडिक्स तथा इमेजिङ प्राविधिकहरु, स्वास्थ्य शाखामा कार्यरत प्राबिधिक कर्मचारीहरु

(२) नगरपालिकाबाट सम्भावित संक्रमितहरुको खोजि र स्क्रिनिङ तथा होम क्वारेन्टाइनमा रहेकाहरुको अनुगमन वा नियमित चेक जाँचमा खटिने स्वास्थ्य प्राविधिकहरु

(३) क्वारेन्टाईन स्थलमा सरसफाई र सामान ढुवानीमा संलग्न जनशक्तिहरु

(४) इमर्जेन्सी कोभिड क्लिनिकमा खटिने कर्मचारी

**(ग) प्रयोगशालामा र कोभिड वार्डमा खटिने देहायका जनशक्तिहरु**:

१. कोभिड वार्ड ( अयखष्म धबचम) मा कार्यरत सम्पूर्ण कर्मचारी

२. नगरपालिका अन्तर्गत रहेका कोभिड-१९ को परीक्षण गर्ने

प्रयोगशालाहरु, AntigenTEST को लागि स्वाव संकलन र परीक्षणको लागि खटिने ल्याव प्राविधिकहरु

४. **जोखिम भत्ता उपलब्ध गराउने**: (१) कोभिड-१९ को उपचार वा रोकथाममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न जनशक्तिले देहाय बमोजिमको जोखिम भत्ता प्राप्त गर्न सक्नेछन ।

(क) यस कार्यविधिको दफा ३ को खण्ड (क) बमोजिमका जनशक्तिहरुले नेपाल सरकारले तोकेको सम्बन्धित पदको शुरु तलब स्केलको ५० प्रतिशत,

(ख) यस कार्यविधिको दफा ३ को खण्ड (ख) बमोजिमका जनशक्तिहरुले नेपाल सरकारले तोकेको सम्बन्धित पदको शुरु तलब स्केलको ७५ प्रतिशत,

(ग) यस कार्यविधिको दफा ३ को खण्ड (ग) बमोजिमका जनशक्तिहरुले नेपाल सरकारले तोकेको सम्बन्धित पदको शुरु तल बस्केलको १०० प्रतिशत,

(२) यस दफा बमोजिम भत्ता पाउने कर्मचारीलाई भत्ता उपलब्ध गराउँदा निज सो कार्यमा खटिएको पुष्ट्याईका लागि देहाय बमोजिमको विवरणहरु पेश गर्नुपर्नेछ ।

(क) यस कार्यविधिको दफा ३ बमोजिमका कार्यको लागि खटाईएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी

(ख) क्वारेन्टाइनको हकमा सम्बन्धित कर्मचारी क्वारेन्टाईनमा बसेको वा खटिएको पुष्ट्याँई गर्ने डिउटी रोष्टर वा अन्य विवरण,

(ग) फिवर क्लिनिकको हकमा फिवर क्लिनिक सञ्चालन गरेको प्रमाण तथा क्लिनिकमा सेवा लिन आएका विरामीहरुको अभिलेख,

(घ) हेल्थ डेस्कमा सेवा लिन आउने विरामीहरुको प्रमाणित अभिलेख तथा दिईएको प्रेस्किप्सन,

(ङ) प्रयोगशालामा कार्यरत रहेको सम्बन्धित संस्थाको हाजिरी प्रमाणित तथा सेवा दिइएको विवरण, स्वाव नमुना संकलन र परिक्षण गरे को प्रतिवेदन,





(च) अनुगमन वा व्यवस्थापनमा खटिने कर्मचारी र सरसफाई वा सहयोगी वा सवारी चालकको हकमा कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागज वा हाजिरी,

(छ) इमेजिङ सेवा प्रदायकको हकमा कोभिड-१९ को शंकास्पद तथा पुष्टी भएका बिरामीलाई इमेजिङ सेवा प्रदान गरेको विवरण,

(३) आइसोलेशन वार्डमा कार्यरत कर्मचारीहरु लाइ खाजा खाना उपलब्ध गराउन सकिने छ ।

५. **अनुगमन गर्ने**: जोखिम भत्ता लागु भए नभएको र जोखिम भत्ताको दुरुपयोग भए नभएको सम्बन्धमा नगर प्रमुखले अनुगमन गर्नेछ ।

६. **जोखिम भत्ताको अवधि**: (१) कोभिड-१९ को उपचार वा रोकथाममा प्रत्येक्ष वा अप्रत्येक्ष रुपमा संलग्न देहायका जनशक्तिले नेपाल सरकारले कोरोना महामारी घोषणा गरेको मिति देखि कोरोना महामारी समाप्त भएको घोषणा नहुन्जेलसम्म कायम रहनेछ । तर भत्ता भुक्तानी गर्दा खटिएको दिन गणना गरी सोही बमोजिम मात्र भुक्तानी गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कोभिड-१९ संक्रमणको जोखिमलाई बिचार गरी कार्यपालिकाले तोके बमोजिमको अवधिसम्म लम्ब्याउन सकिनेछ ।

७. **दोहोरो भत्ता नदिने**: (१) यस कार्यविधि बमोजिम जोखिम भत्ता लिने कर्मचारीलाई प्रचलित अन्य कानून बमोजिम वा नगर पालिकाको निर्णय बमोजिम कुनै छुट्टै जोखिम भत्ताको व्यवस्था रहेछ भने दफा ६ बमोजिमको अवधिमा निजले रोजे बमोजिम कुनै एकमात्र जोखिम भत्ता उपलब्ध गराईनेछ ।

(२) यस कार्यविधि बमोजिम जोखिम भत्ता लिने कर्मचारीलाई दफा ६ बमोजिमको अवधिमा यस नगरपालिकाको कानून बमोजिम अतिरिक्त समयमा काम गरेवापतको भत्ता उपलब्ध गराइनेछैन ।